पोखरा विश्वविद्यालय
# व्यवस्थापन संकाय
डीनको कार्यालय
पोखरा लेखनाथ, कास्की

चलानी नं.:

मिति : २०७८/०१/२३

## स्नातकोत्तर तह एम.वि.ए. कार्यक्रम (March Session 2021) को पूर्ण शुल्कीय तर्फको प्रबेश परिक्षा सम्वन्धि सूचना ।

पोखरा विश्वविद्यालय व्यवस्थापन संकाय अर्न्तगत स्नातकोत्तर तहको **March Session 2021** एम.वि.ए. कार्यक्रमको पूर्ण शुल्कीय विद्यार्थी भर्नाको लागि प्रकाशित सूचना अनुसार भर्ना हुनका लागि आवेदन दिएका विद्यार्थीहरुको प्रवेश परिक्षा (PUMAT: Pokhara University Managment Admission Test) संचालन गर्न कोभिड- १९ को कारणवाट सृजित असहज अवस्थाका कारण भौतिक उपस्थितिमा परीक्षा गर्न सम्भव नभएको व्यहोरा सम्वन्धित सबैमा अवगत नै छ । अहिलेको यस बिषम परिस्थितिमा केन्द्रिकृत प्रवेश परिक्षा तथा विद्यार्थी भर्ना सम्वन्धि कार्यविधि,२०७६ मा भएका व्यवस्थाहरुलाई केही परीमार्जन गरि प्रवेश परिक्षा अनलाइन बिधि मार्फत् लिने निर्णय गरिएको व्यहोरा जानकारी गराउँदछौं ।

**प्रवेश परीक्षा निम्नानुसार सञ्चालन गरिनेछ :**

१) प्रवेश परीक्षामा विद्यार्थीको मूल्यांकनका लागि विद्यार्थीको विगतका Academic Performance, लिखित प्रवेश परिक्षा र अन्तर्वार्ताका आधारमा नै अन्तिम नतिजा प्रकाशन गरिनेछ । तर यस पटकका लागि उल्लेखित आधारका लागि अंकभार कमश: २५, ५० र २५ कायम गरिनेछ ।

२) यस पटक लिखित परीक्षा अनलाइन मार्फत सञ्चालन गरिनेछ र प्रश्नहरु विषयगत (Subjective अथवा Thematic essay type) हुनेछ ।

३) बुँदा नं २ मा उल्लेख गरिएको लिखित परिक्षा मिति २०७८ बैशाख २९ गते (12th May, 2021) बिहान ८:०० वजे देखि १०:०० वजे सम्म सञ्चालन गरिनेछ । उक्त लिखित परिक्षाको लागि विद्यार्थीहरुले आफूले आवेदन दिएको कलेजको वेभ साइट वा इमेल मार्फत प्रश्नपत्र प्राप्त गर्न सकिनेछ ।

चलानी नं.:

४) लिखित परिक्षाको प्रश्नपत्र २०७८ बैशाख २९ गते (12th May, 2021) बिहान ८:०० वजे download गरी हस्तलिखित उत्तरपुस्तिकालाई **pdf** फाइल बनाई सोही लिङ्क वा इमेलमा १०:३० वजे भित्र upload गर्नुपर्ने छ । कम्प्यूटर टाइप गरिएको उत्तरपुस्तिका मान्य हुनेछैन । उत्तरपुस्तिकाका प्रत्येक पृष्ठमा परिक्षा Roll Number र Email अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ । बिद्यार्थीहरुवाट प्राप्त भएका उत्तरपुस्तिकाहरु सम्बन्धित कलेजले १२:०० वजे भित्र व्यवस्थापन संकायको Email मा पठाउनु पर्नेछ ।

५) विद्यार्थीको Academic Records को मूल्यांकन गरि त्यसवापत अंक दिँदा एस.एल.सि. ⁄ एस.इ.इ., प्लस २ र स्नातक तह तीन तहको मूल्यांकन गरिनेछ । एस.एल.सि. ⁄ एस.इ.इ, प्लस २ र स्नातक तहका लागि क्रमश ५, ५ र १५ गरी जम्मा २५ अंकभार (weightage) प्रदान गरिनेछ ।

६) भर्नाको आवेदन फारम भर्दा एस.एल.सि. ⁄ एस.इ.इ र प्लस २ तहका मार्कसिट ⁄ ट्रान्स्किप्ट नबुझाएको हुन सक्ने हुँदा सवै विद्यार्थीलाई आफुले आवेदन दिएको कलेजमा सम्पर्क गरि पेश गर्नुहुनका लागि समेत जानकारी गराइन्छ ।

७) केन्द्रिकृत प्रवेश परीक्षा समितीबाट लिखित परीक्षाको मूल्यांकन र Academic Records को अंक निर्धारण गरि सकेपछि ७५ पूर्णाङ्कमा योग्यताक्रम सूची (Merit List) प्रकाशित गरिनेछ । यस सूचीमा सम्लग्न रहने विद्यार्थीहरु तेश्रो प्रक्रिया अर्न्तगत व्यक्तिगत अन्तर्वार्ताका (Personal Interview) लागि योग्य मानिने छन् । यस लिष्टमा समावेश हुन नसक्ने विद्यार्थीहरु भर्ना प्रकृयाबाट स्वत वाहिरिने छन् ।

८) उपरोक्त वुँदा ७ अनुसार अन्तर्वार्ताका लागि छनोट भएका विद्यार्थीहरुको व्यक्तिगत अन्तर्वार्ता नेपाल सरकारवाट तोकिएको स्वास्थ्य सम्वन्धि मापदण्ड अपनाई भौतिक उपस्थितिमा वा अनलाइनबाट पनि लिन सकिनेछ । अन्तर्वार्ताको अंक समेत समावेश गरि प्रकाशित गरिने योग्यताक्रम सूची नै अन्तिम (Final Merit List) हुनेछ र यो नै विद्यार्थी भर्नाको आधार हुनेछ ।

चलानी नं.:

९) यस सूचनामा उल्लेखित विषयमा कुनै समायोजन भएमा तुरुन्त जानकारी गराइनेछ । वेभसाइट हेरिरहनु होला । साथै आंगिक तथा सम्वन्धनप्राप्त कलेजहरुलाई आफ्नो स्कूल तथा कलेजमा भर्नाका लागि आवेदन दिएका विद्यार्थीहरुलाई सुचित गर्नुहुन समेत अनुरोध गरिन्छ ।

**Note: A Brief Description of PUMAT Written Exam:**

- *Students will be provided a thematic essay questions on which they have to write two essays within 600 – 800 words for each of them.*
- *Each essay carries equal weights, 25 marks, as the full marks of written examination is 50.*
- *Two hours examination starts at 8:00 am (12 May, 2021). An exta half hour (10:00 – 10:30) has been provisioned to convert the answersheet into **pfd** format and uploading it in the given link or sending through email to concern colleges. Access of the questions or uploading the answersheet will be restricted after 10:30 am .*
- *The essays should **compulsorily be handwritten** in a paper of normal long notebook with lines.*
- *The answersheet has to be uploaded in **pdf** format using the same link or email of the concerned colleges where the students have applied. Students must write their respective exam roll number and email ID in each page of the anwer sheet.*
- *Essay will be examined on the basis of content, narrations (descriptions), grammar, structure and logical conculsions they have included in the essay within specified word limit.*
- *Our affiliated colleges with remaining seats are requested to go through the notice and plan and prepare accordingly.*

.................................

डा. ज्ञानेश्वर शर्मा
संयोजक, स्नातकोत्तर तह केन्द्रिकृत प्रवेश परिक्षा समिति, २०७८